EBL/HO/SH/257 /083-84

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

मिति : २०८३/०५/२२

श्री नेपाल स्टक एक्सचेञ्ज
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

विषय : शेयर दाखिल खारेज बन्द (Book Close) सम्बन्धमा

महोदय,

यस बैंकको आर्थिक वर्ष २०८२/८३ को वार्षिक साधारण सभा गर्ने प्रयोजनका लागि साधारण शेयरको शेयरधनी दर्ता किताब मिति २०८३ साल आश्विन ०१ गते बिहिवार बन्द रहने ब्यहोराको सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा मिति २०८३/०५/१९ मा प्रकाशित भएको ब्यहोरा अवगत गराउँदछौं ।

मिति २०७४/०५/३० को नेपाल स्टक एक्सचेञ्ज लि. को परिपत्र बमोजिम देहाएका बिबरणहरु निम्न अनुसार रहेको छ ।

नगद लाभांश प्रतिशत (कर प्रयोजन समेत) : १० % (दश प्रतिशत)
रु. १,३७,२१,३७,५९२.०० (रु. एक अर्ब सैंतिस करोड एक्काइस लाख सैंतिस हजार पाँच सय बयानब्बे मात्र)

बोनस शेयर प्रतिशत : ५ % (पाँच प्रतिशत)
रु. ६८,६०,६८,७९६.०० (रु. अठसठ्ठी करोड साठी लाख अठसठ्ठी हजार सात सय छयानब्बे रुपैया मात्र)

शेयर दाखिल खारेज मिति (Book Close Date) : २०८३ साल आश्विन ०१ गते बिहिवार

हालको चुक्ता पुँजी : रु १३,७२,१३,७५,९२४.००

वार्षिक साधारण सभाको मिति : २०८३/०६/१४,बुधवार

भवदिय,

(रमेश राजथला)
कम्पनी सचिव

EVEREST BANK LTD. Head Office Kathmandu

बोधार्थ :

१) नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलीसडक काठमाण्डौ ।

Corporate Office: EBL House, Lazimpat, P. O. BOX: 13384, Kathmandu, Nepal
Tel: 01-4543377 (hunting), Fax: +977-1-4543160, Toll Free: 16600171718 / 18102171718
E-mail: eblinfo@ebl.com.np, Swift: EVBLNPKA
www.everestbankltd.com

एभरेष्ट बैंक लिमिटेडको
३२ औं बार्षिक साधारण सभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१९ गते)

यस बैंकको मिति २०८३ साल भाद्र १८ गते बसेको सञ्चालक समितिको ४०३ औं बैठकको निर्णय अनुसार ३२ औं बार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति : २०८३ साल आश्विन १४ गते बुधबार तदनुसार ३० सेप्टेम्बर २०२६
स्थान : आम्रपाली ब्याक्वेट, भाटभटेनी, काठमाण्डौ
समय : बिहान १०:०० बजे

बैंकको ३२ औं बार्षिक साधारण सभाको छलफलको बिषयसूची

१ सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२ लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८३ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०८२/८३ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने,
३ मिति २०८३/०५/११ मा बसेको सञ्चालक समितिको ४०२ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्ने सिफारिस गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,
(क) ५% का दरले बोनस शेयर जारी गर्ने **विशेष प्रस्ताव,**
(ख) १०% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने गरेको सिफारिसलाई छलफल गरी पारित गर्ने,
४ प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धि **विशेष प्रस्ताव** पारित गर्ने,
बैंकले प्रस्तावित बोनस शेयर जारी भएपश्चात पुँजी वृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने
५ आ.व २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने,
६ विविध

संचालक समितिको आज्ञाले,
(कम्पनी सचिव)

शेयर दाखिल खारेज किताब बन्द रहने
साधारण सभा प्रयोजनका लागि मिति २०८३/०६/०१ गते बिहिवार एकदिन बैंकको शेयरधनी दर्ता किताब बन्द गरिनेछ ।

नोट :
(१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा शेयर अभौतिकरण गरिसकेका शेयरधनीहरुको हकमा हितग्राही (DEMAT Account) नम्बर, DEMAT Statement र आफ्नो परिचय खुल्ने (जस्तै: नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा अन्य कुनै परिचय पत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
(२) नगद लाभांश सम्बन्धित शेयरधनी महानुभावहरुको बैंक खातामा जम्मा गर्ने प्रयोजनका लागि आफ्नो बैंक खाता हितग्राही (DEMAT Account) नम्बरमा अद्यावधिक गरिदिनु हुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्दछौं ।
(३) साधारण सभाको हाजिरी पुस्तिका ९.०० बजे देखी खुल्ला रहने छ र अपरान्ह ११.०० बजे बन्द गरिने छ ।